सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

(अभियोग दायर गरिएको)

राजश्व अनुसन्धान विभाग समेतबाट प्राप्त हुन आएको विदेशी विनिमय (अवैध अमेरीकी डलर स्रोत नखुलेको अवैध नेपाली रुपैया समेत) समेत कसुर मुद्दाका ~~प्रतिवादीहरु~~ प्रतिवादीहरु नरेश अग्रवाल,दिपक शाह ठकुरी, मनमोहन साह कलवार र दिवस कार्की समेतबाट बरामदित नेपाली रुपैयाको सम्बन्धमा निज प्रतिवादीहरुले सो बरामदित रकमको वैध कानुनी स्रोत पुष्टि गर्न नसकेकाले सो तर्फ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ अन्तर्गत कारवाही हुन भन्ने व्यहोराको सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा निज प्रतिवादीहरु नरेश अग्रवाल समेतले अन्य प्रतिवादी दिवस कार्की समेतका नाउँमा बैँङ्क खाता खोली भूमिगत रुपमा मुद्राको कारोवार गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को अनुसुची १ को खण्ड (भ) को सम्बद्ध कसूर गरी ऐ. दफा ३ को उपदफा (१) ले निषेधित, उपदफा (१) को खण्ड (क) बमोजिम गैरकानुनी स्रोत रुपान्तरण वा हस्तान्तरण गर्ने, खण्ड (ख) बमोजिम निषेधित कसूरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमको कारोवार, अधिकार तथा स्वामित्व परिवर्तनका लागि स्थानान्तरण र हस्तान्तरण एवं स्वरुप परिवर्तन, निःसर्ग गर्ने र ऐ. (ग) बमोजिम त्यस्तो कसूरबाट प्राप्त रकमको प्राप्ति (विभिन्न मानिसहरु मार्फत बैँङ्क खातामा र नगद समेत), धारण (आफ्ना नाउँका बैँक खातामा जम्मा गरी तथा साथमा राखेको) र प्रयोग (सो रकम खर्च गरी निसर्ग गरेको, केही रकम हालसम्म पनि खातामा मौज्दात देखिएको र सोबाट लाभ समेत लिईरहेको) देखिँदा उक्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने, कसूरबाट प्राप्त सम्पत्तिको बैकिङ प्रणालीमा स्थापित गरी गराई सोको अधिकार स्वामित्व स्रोत एबं प्रकृति लुकाउने, छल्ने र प्राप्ति एबं प्रयोग समेतका कार्यहरू गरी गराई दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य स्थापित हुन आएकाले प्रतिवादीहरु नरेश अग्रवाललाई विगो रु. ८,६२,८५,१५२।१२ **(अक्षरेपी आठ करोड वैसट्ठी लाख पचासी हजार एक सय बाउन्न रुपैंया पैसा वाह्र मात्र), प्रतिवादी दिवस कार्कीलाई वीगो रु. ७,१२,२०,२९२।१० (सात करोड वाह्र लाख विस हजार दुई सय बयानब्बे रुपैया पैसा दस मात्र), प्रतिवादी दिपक शाह ठकुरीलाई वीगो रु. ८,८२,३९,५६५।१८ (आठ करोड बयासी लाख उन्नचालिस हजार पाँच सय पैसट्ठी रुपैया पैसा अठार मात्र)र प्रतिवादी मनमोहन साह कलवारलाई वीगो रु. ३,७५,२९,८१५।४१ (तिन करोड पचहत्तर लाख उनन्तिस हजार आठ सय पन्ध्र रुपैंया पैसा एकचालिस मात्र) कायम गरी** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम प्रतिवादीहरुलाई वीगोको दोब्बर जरिवाना, कसुरको गाम्भीर्यता अनुसार कैद सजाय हुनका साथै कसुरबाट प्राप्त प्रतिवादी नरेश अग्रवालका नाउँमा दर्ता रहेको बा१९च १०१७ नम्बरको सवारी साधन-१ सहित प्रतिवादीहरुका नाउँका विभिन्न बैँक खाता र बरामदी रकम समेत जफत गरी पाउन मागदावी लिई आज मिति २०८०/१२/०६ गते सम्मानित विशेष अदालत समक्ष आरोप पत्र दायर गरिएको छ।